२०८० साउन-२०८० पुस | वर्ष-८ | अङ्क-१ | पूर्णाङ्क-१३

# सुकुना सन्देश

विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायनकृत (२०७२)

(सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङको

सूचनामूलक अर्द्धवार्षिक प्रकाशन)







***Email: sukunamc2048@gmail.com***

***Email RMC: rmcsukuna1@gmail.com***

***Website:www.sukuna.edu.np***



**प्रकाशक**

**सुकुना बहुमुखी क्याम्पस**

सुन्दरहरैंचा, मोरङ

फोन नं.: ०२१-५४७६१७, ०२१-५४७७१७

# सुकुना सन्देश

(सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा, मोरङको सूचनामूलक अर्द्धवार्षिक प्रकाशन)

२०८० साउन-२०८० पुस वर्ष-८ अङ्क-१ पूर्णाङ्क-१३



**संरक्षक**
श्री अर्जुनराज अधिकारी

**सल्लाहकार**
केशवराज भट्टराई
सहायक क्याम्पसप्रमुख
बलराम पोख्रेल
सहायक क्याम्पसप्रमुख
गणेशप्रसाद दहाल
सहायक क्याम्पसप्रमुख
जनार्दन गुरागाईं -
सभापति, पब्लिक क्या.प्रा.सङ्घ

**प्रधान सम्पादक**
गेहेन्द्र खनाल

**सम्पादक**
लेखबहादुर धिमाल
सेमन्त खतिवडा



**प्रकाशक**
**सुकुना बहुमुखी क्याम्पस**
सुन्दरहरैंचा, मोरङ
फोन नं.: ०२१-५४७६१७, ०२१-५४७७१७

*Email: sukunamc2048@gmail.com*
*Email RMC: rmcsukuna1@gmail.com*
*Website:www.sukuna.edu.np*


## सम्पादकीय

कोशी प्रदेशको गरिमामय शैक्षिक प्रतिष्ठानका रूपमा वि.सं.२०४८ सालमा स्थापना भएको सुन्दरहरैँचा नगरपालिका वडा नम्बर १२ मा अवस्थित सुकुना बहुमुखी क्याम्पस यस क्षेत्रको गहनाका रूपमा प्रतिष्ठापित भएको छ। स्थापनाको ३२ वर्षमा प्रवेश गरेको यस क्याम्पसमा हाल शिक्षा, मानविकी, व्यवस्थापन, विज्ञान संकायमा विभिन्न कार्यक्रमहरू सञ्चालित छन् भने हाल शिक्षा र व्यवस्थापन विभागमा स्नातकोत्तर कार्यकम संचालित छन् । छोटो अवधिमा यस क्याम्पसले अग्रगामी फड्को मारिसकेको छ । वि.सं.२०७२ सालमा QAA प्राप्त यो क्याम्पस QAA को दोस्रो चरणको नवीकरणको पूर्वसन्ध्यामा रहेको छ।

यस क्याम्पसको गरिमा र महत्ता गुणस्तरीय शिक्षा एवम् नियमित पठनपाठनद्वारा प्रतिबिम्बित छ । सङ्गठित रूपमा शैक्षिक कार्यक्रमहरू सञ्चालित यस क्याम्पसमा हाल अनुसन्धान कार्य र प्रविधि विषयमा विशेष ध्यान केन्द्रित भएको छ। कोरोनाको कहरपछि शैक्षिक क्षेत्रमा देखापरेको विद्यार्थीहरूको Drop Out समस्या हाल टड्कारो रूपमा देखा परिरहेको छ । यसलाई रोक्नका लागि गुणस्तरीय एवम् रोजगारमूलक शिक्षाको आवश्यकतालाई यस क्याम्पसले मध्यनजर गरेको छ र त्यसलाई समाधान गर्नका निम्ति क्याम्पसले विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

अर्धवार्षिक रूपमा प्रकाशन हुँदै आएको सुकुना बहुमुखी क्याम्पसको Public Information Cell द्वारा प्रकाशित बुलेटिन 'सुकुना सन्देश'ले क्याम्पसमा भएका सम्पूर्ण गतिविधि एवम् कार्यक्रमहरू नागरिक समाजसमक्ष प्रस्तुत गरी आवश्यक पृष्ठपोषण लिने प्रयोजनका लागि सङ्क्षिप्त एवम् सूचनामूलक रूपमा प्रकाशन गरेको छ। यसलाई अझ परिष्कृत गर्नका निम्ति यहाँहरूको सुझावको अपेक्षासमेत गरिएको छ।

–सम्पादक

## सुकुना बहुमुखी क्याम्पसमा
## साउन १ गतेदेखि पुस २२ गतेसम्म भएका कार्यक्रमहरू

- **साउन**
- २०८० साउन १ गते Research Management Cell द्वारा Academic Journal of Sukuna AJos प्रकाशन गरिएको थियो।
- २०८० साउन ३ गते एम.बि.एस. प्रथम सिमेस्टरमा अध्यनरत विद्यार्थीद्वारा शैक्षिक अध्ययन भ्रमणका अनुभव साटासाट कार्यकम सम्पन्न भएको थियो। उक्त कार्यक्रममा शैक्षिक, व्यावहारिक ज्ञान र अनुभवलाई विद्यार्थीमाझ एकआपसमा साटासाट गरिएको थियो।
- २०८० साल साउन ३ गते एम. बि. एस. प्रथम सेमेस्टरमा शैक्षिक अनुसन्धानमूलक अध्ययन भ्रमणको सिलसिलामा आफूले प्राप्त गरेको ज्ञान एवम् अनुभवलाई बि.बि.एस. दोस्रो वर्षमा अध्ययनरत विद्यार्थीहरू बीच अनुभवहरू आदानप्रदान कार्यक्रम सम्पन्न भएको थियो।
- २०८० साउन ७ गतेदेखि १० गतेसम्म स्वतन्त्र विद्यार्थी युनियन दमक बहुमुखी क्याम्पसद्वारा आयोजना गरिएको प्रदेश स्तरीय फुटसल प्रतियोगितामा स्वतन्त्र विद्यार्थी युनियन; सुकुना बहुमुखी क्याम्पसको संलग्नतामा विभिन्न तहमा अध्ययनरत विद्यार्थीहरू सहभागी भएका र उक्त प्रतिस्पर्धामा यस क्याम्पसको टिमले प्रथम स्थान हासिल गरेको थियो। उक्त खेलमा २० क्याम्पसबाट सहभागिता जनाइएको थियो।
- २०८० साउन १५ गते सुकुना बहुमुखी क्याम्पसले प्रविधिमैत्री प्रशासनअन्तर्गत बैंकिङ क्यूआर व्यवस्थाका साथै परीक्षा शाखा र नगद काउन्टरमा टोकन सिस्टम व्यवस्था गरिएको थियो।
- २०८० पुस १३ गते शुक्रबार प्राथमिक उपचार एकाइले सुन्दरहैंचा नगरपालिका वडा नम्बर १२ को सामुदायिक बस्तीमा ४० वर्षमाथिका समुदायका मानिसहरूको रक्तचाप परीक्षण गरी सल्लाह एवम् सुझाव दिइएको थियो ।
- २०८० साउन १९ गते अङ्ग्रेजी शिक्षण विभागद्वारा एम एड चौथो सेमेस्टर पूरा गरेका विद्यार्थीहरूका लागि थेसिस लेखनसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको थियो।

- २०८० साउन २२ गते विद्यार्थी सहजताका निम्ति हेल्प डेक्सको व्यवस्थाका साथै खेलकुद मैदान र सामग्रीको व्यवस्थापन गरिएको थियो ।
- २०८० साउन २५ गतेका दिन सुन्दरहरैंचा महिला जनप्रतिनिधि संजालको आयोजनामा सुकुना क्याम्पसमा अध्यनरत विद्यार्थी र महिला जनप्रतिनिधिहरूबीच अन्तराष्ट्रिय युवा दिवस २०२३ को अवसरमा 'राजनीतिमा युवा नेतृत्व तथा महिला सहभागिता' विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन भएको थियो ।
- २०८० साउन २५ गते बि.बि.ए कार्यक्रमअन्तर्गत मानसिक स्वास्थ्यसम्बन्धी कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा बिमला आचार्य सहजकर्ताका रूपमा रहनुभएको थियो ।
- २०८० साउन २६ गते बि.बि.ए आठौँ सेमेस्टरका विद्यार्थीहरूका लागि इन्टर्नसिप रिपोर्ट राइटिङ अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रमका सहजकर्ताहरू टंकमणि पौडेल र त्रिलोचन सिटौला रहनुभएको थियो ।
- २०८० साउन ३२ गते विज्ञान तथा प्रविधि संकायद्वारा बि.एस्सी.प्रथम वर्षको प्रथम त्रैमासिक परीक्षामा उत्कृष्ट अङ्क ल्याउन सफल फिजिकल ग्रुपको प्रथम र दोस्रो हुने र बायो ग्रुपका प्रथम र दोस्रो हुने छात्र छात्रालाई पुरस्कार वितरण कार्यक्रम सम्पन्न गरियो ।
- २०८० साउन ३२ गते बि.एस्सी. प्रथम र दोस्रो वर्षका विद्यार्थीहरूसँग शिक्षण सिकाइ एवम् विविध विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो।
- **भदौ**
- २०८० साल भदौ ५ गते अतिरिक्त क्रियाकलाप समितिले गजल प्रतियोगिता सम्पन्न गरेको थियो । उक्त कार्यक्रममा अन्तरविभागीय विद्यार्थीहरूको सहभागिता भएको थियो ।
- २०८० भदौ ८ गते बि.बि.एस सातौं सेमेस्टरका विद्यार्थीहरूका लागि वित्तशास्त्र र बजारशास्त्रका विषयहरूका निम्ति अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रमका सहजकर्ताहरू मोहन कार्की, मातृका थापा, विक्रम थापा रहनुभएको थियो ।
- २०८० साल भाद्र १५ गते शुक्रबारका दिन सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा; मोरङको आयोजनामा सुन्दरहरैंचा नगरपालिकाभित्रका संस्थागत र सामुदायिक

विद्यालयका प्रधानाध्यापक र सहायक प्रधानाध्यापक वा शैक्षिक कार्यक्रम हेर्ने Co-Ordinator र यस क्याम्पसका शिक्षक तथा कर्मचारीहरूका लागि 'शैक्षिक नेतृत्व र पेशागत सशक्तीकरण' तालिम कार्यक्रम सञ्चालन गरिएको थियो।

- २०८० भदौ १९ गते बि.एड. चौथो वर्षका शिक्षण अभ्यास गर्ने विद्यार्थीहरूका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो।
- २०८० भदौ २१ गते सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा मोरङको आयोजना र क्याम्पस सञ्चालक समितिका अध्यक्ष श्री केशव अधिकारीको अध्यक्षतामा तथा विश्वविद्यालय अनुदान आयोग नेपालका अध्यक्ष प्रा. डा. देवराज अधिकारीको प्रमुख आतिथ्यमा क्याम्पसको शैक्षिक, आर्थिक, QAA आदि विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो।
- २०८० भाद्र २१ गते विहीबारका दिन सुकुना बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष श्री केशव अधिकारीको अध्यक्षता र विश्वविद्यालय अनुदान आयोग नेपालका अध्यक्ष प्रा.डा. देवराज अधिकारी र नगरप्रमुख श्री केदारप्रसाद गुरागाईँको समुपस्थितिमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा क्याम्पस सञ्चालक समितिका सदस्यहरू, लेखा समिति तथा पुनरावेदन समितिका सदस्यहरू, सञ्चालक समितिका पूर्वपदाधिकारीहरू, पूर्वक्याम्पस प्रमुखहरू, प्रतिनिधिमूलक रूपमा जनप्रतिनिधिहरू, क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुखहरू, शैक्षिक कार्यक्रमका संयोजकहरू, विभागीय प्रमुखहरू, कार्यक्रम निर्देशक, फोकल पर्सन, स्वमूल्याङ्कन समूह, विभिन्न समितिका प्रतिनिधिहरू, क्याम्पसमा कार्यरत शिक्षकहरू, कर्मचारीहरू, स्ववियुका पदाधिकारीहरू र विद्यार्थी गुणस्तर समूहका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।
- २०८० भदौ ३० गते अङ्ग्रेजी शिक्षण विभागद्वारा एम.एड. अङ्ग्रेजी वार्षिक प्रणालीका विद्यार्थीहरूको थेसिस अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको थियो।
- २०८० भदौ ३१ गते आइतबारका दिन सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा, मोरङका क्याम्पसप्रमुख श्री अर्जुनराज अधिकारीको अध्यक्षतामा व्यवस्थापन संकाय र बि.आई.सी.टी.इ. कार्यक्रममा अध्यापन गराउने शिक्षकहरूको बैठक सम्पन्न भयो। उक्त बैठकमा विश्वविद्यालय अनुदान आयोग नेपालको Entrepreneurship

Support Program ( EPS)-2023 सम्बन्धी सूचना र LoI सम्बन्धमा छलफल गरियो।

- २०८० भदौ ३२ गते SQC ले Interaction program with SAT कार्यक्रम सम्पन्न गरेको थियो; उक्त कार्यक्रममा SAT तथा स्वतन्त्र विद्यार्थी युनियनहरूसँग UGC & QAA का विषयमा छलफल अन्तरक्रिया एवं जानकारी आदानप्रदान गरिएको थियो।
- **असोज**
- २०८० असोज ५ गते शुक्रबार सुकुना बहुमुखी क्याम्पसका विद्यार्थीहरू बीचको गजल प्रतियोगिता सम्पन्न भएको थियो । विराट साहित्य समाजद्वारा प्रकाशित *विराटवाणी* निबन्ध संग्रहको लोकार्पणको अवसरमा आयोजित उक्त कार्यक्रममा विभिन्न संकायका विद्यार्थीहरू सहभागी भएका थिए भने मोरङ, सुनसरी र झापाका विशिष्ट साहित्यकारहरूको उपस्थिति रहेको थियो।
- २०८० असोज १३ गते बि.बि.ए दोस्रो सेमेस्टरका विद्यार्थीहरूका निम्ति Orientation on Case Study and Seminar Paper Writing कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रमका सहजकर्ता ज्ञानमणी अधिकारी (Chair, Economics Subject Committee Faculty of Management TU) रहनुभएको थियो।
- २०८० असोज २४ गते SQC को आयोजनामा साइबर सेक्युरिटी सेमिनार सम्पन्न भएको थियो । जिल्ला प्रहरी कार्यालय साइबर सेक्युरिटीसँग संयोजन गरी उक्त कार्यक्रमद्वारा विद्यार्थीहरूलाई जनचेतना प्रदान गरिएको थियो।
- नेपाली शिक्षण विभागका विभागीय प्रमुख उमानाथ भट्टराई उमेरहदका कारण अनिवार्य अवकास हुनुभएका कारण मिति २०८० असोज २६ गतेको निर्णयअनुसार यस विभागका सदस्य गेहेन्द्र खनाललाई मिति २०८० कात्तिक १४ गतेदेखि लागू हुनेगरी विभागीय प्रमुखमा नियुक्ति दिने निर्णय गरिएको थियो।
- व्यवस्थापन संकायका प्रमुख बलराम पोख्रेल सहायक क्याम्पसप्रमुखमा नियुक्त हुनुभएकाले मिति २०८० असोज २६ गतेको निर्णयअनुसार यस विभागका सदस्य उमेश उप्रेतीलाई मिति २०८० कात्तिक १४ गतेदेखि लागू हुनेगरी विभागीय प्रमुखमा नियुक्ति दिने निर्णय गरिएको थियो।

- **कात्तिक**
- २०८० कात्तिक २३ गतेदेखि काठमाडौं विश्वविद्यालय निरन्तर व्यावसायिक शैक्षिक केन्द्र(PEC) र एस्पायर कलेज, विराटनगरको संयुक्त आयोजनामा संचालित ३ क्रेडिटआवर ४८ घन्टे प्रशिक्षकहरूको प्रशिक्षण (ToT) कार्यक्रमका लागि सुकुना बहुमुखी क्याम्पसका तर्फबाट उपप्राध्यापकहरू शंकर देवान, गुणराज नेपाल र उषाकिरण वाग्ले सहभागी हुनुभएको थियो।
- २०८० साल कार्तिक १२ गते सुकुना बहुमुखी क्याम्पस र TUCL का बीच रिमोट XS ONLINE सेवा पुनर्नवीकरण कार्यक्रम सम्पन्न भएको थियो उक्त कार्यक्रममा स्नातकोत्तर तहकाका विद्यार्थीहरूको पनि सहभागिता रहेको थियो।
- **मङ्सिर**
- २०८० मङ्सिर २ गते स्नातकोत्तर तह चौथो सेमेस्टरमा अध्यनरत विद्यार्थीहरूको शिक्षण अभ्याससम्बधी अभिमुखीकरण कार्यकम सम्पन्न गरिएको थियो।
- २०८० मङ्सिर ५ गते बि.बि.ए प्रथम सेमेस्टरलाई स्वागत एवम् अभिमुखीकरण कार्यक्रम गरिएको थियो। उक्त कार्यक्रममा शिक्षक मातृका थापाको प्रस्तुति रहेको थियो।
- २०८० मङ्सिर ८ गते शुक्रबार सुकुना बहुमुखी क्याम्पसको प्राथमिक उपचार एकाइले सामाजिक सम्बन्ध विस्तारका लागि सुन्दरहरैँचा १२ को सुकुम्वासी बस्तीमा "महिनावारी सचेतना आजको आवश्यकता" भन्ने नाराका साथ सचेतना कार्यक्रम सञ्चालन गरेको थियो। उक्त कार्यक्रममा समाजमा रहेका छोरीचेलीहरूका लागि सेनिटरी प्याडको वितरण गरिएको थियो भने रक्तचाप सम्बन्धी बिरामीहरूका लागि रक्तचापको मापन गरिएको थियो।
- २०८० मङ्सिर ९ गते सामाजिक स्वास्थ्य तथा जनसङ्ख्या शिक्षण विभागमा अर्थशास्त्र विषयअन्तर्गत राष्ट्रिय आयोगको गणना विधि तथा शास्त्रीय र केन्सियन रोजगारी सिद्धान्तमाथि आन्तरिक अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएको थियो।
- २०८० मङ्सिर १० देखि १२ गतेसम्म सञ्चालित साना स्तनधारी प्राणी संरक्षण तथा अनुसन्धान फाउन्डेसन(SMCRF)को आयोजनामा भएको Small Mammals Taxonomy and Field Techniques गौरीशंकर संरक्षण क्षेत्रमा भएको तालिममा

सुकुना बहुमुखी क्याम्पसका तर्फबाट शिक्षण सहायक श्री दिव्यराज दाहाल सहभागी हुनुभएको थियो।

- २०८० मङ्सिर ११ गते सोमबार सुकुना बहुमुखी क्याम्पसको क्याम्पस सञ्चालक परिषद्को बैठक क्याम्पस सञ्चालक समितिका अध्यक्ष श्री केशव अधिकारीको अध्यक्षतामा सम्पन्न भएको थियो । क्याम्पसको रू १८,५४,३७,३९०.१० को अनुमानित बजेट प्रस्तुत गरिएको उक्त कार्यक्रममा विभिन्न स्रोतबाट प्राप्त छात्रवृत्ति वितरण गरिएको थियो। उक्त कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री एवम् यस क्याम्पसकी पूर्वविद्यार्थी प्रमिला कुमारी प्रमुख अतिथि ; मोरङ, ३ क्षेत्र नं. का प्रतिनिधि सभाका सभासद माननीय सुनिल शर्मा विशिष्ट अतिथिका रूपमा उपस्थित रहनुभएको थियो । साथै, सो कार्यक्रममा क्याम्पस सञ्चालक समितिका सदस्यहरू, पूर्वक्याम्पस प्रमुखहरू रामप्रसाद काफ्ले, पीतकुमार श्रेष्ठ, अक्षय कोषदाताहरू, छात्रवृत्ति दाता सङ्घ/संस्था र व्यक्तिहरू, शिक्षक, कर्मचारी साथै विद्यार्थीको सहभागिता रहेको थियो।
- २०८० मङ्सिर १५ गते शुक्रबार सुकुना क्याम्पसका पूर्व विद्यार्थीहरूको समाज Alumni Association Sukuna Multiple Campus (AASMC) दोस्रो साधारण सभा सम्पन्न भएको थियो । उक्त सभाले क्याम्पसका समसामयिक गतिविधिमा प्रत्यक्ष सभागिता जनाई आफ्नो क्याम्पसका सक्रिय भूमिका रहने र सिर्जनात्मक कार्य गर्ने उद्देश्यसहित १३ सदस्य कार्यसमिति गठन गरिएको थियो।
- २०८० मङ्सिर ११ गते सोमबार सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैँचा, मोरङद्वारा आयोजित क्याम्पस सञ्चालक परिषद्को सत्रौं बैठक कार्यक्रममा क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष तथा छात्रवृत्ति व्यवस्थापन समितिका संयोजक ललितबहादुर श्रेष्ठको अध्यक्षतामा छात्रवृत्ति वितरण गरिएको थियो । अक्षयकोष दाताबाट प्राप्त भएको अक्षयकोषको ब्याजबाट ५ लाख १५ हजार, विभिन्न बैङ्क, सहकारी, उद्योग प्रतिष्ठान, क्लव, व्यक्तिहरूबाट प्राप्त भएको छात्रवृत्ति रकम ४ लाख २५ हजार तथा क्याम्पस स्रोतबाट ४ लाख गरी जम्मा १३ लाख ४० हजार बराबरको छात्रवृत्ति वितरण गरिएको थियो।

- २०८० मंसिर १६ गते सामाजिक स्वास्थ्य तथा जनसङ्ख्या शिक्षण विभागमा स्वास्थ्य तथा जनसङ्ख्या शिक्षण कार्यलाई विद्यार्थीमैत्री बनाउने र प्रयोगात्मक कार्यलाई प्रभावकारी बनाउने कार्यसम्बन्धी अन्तरक्रिया सम्पन्न भएको थियो।
- २०८० साल मङ्सिर १७ गते आमकास नेपाल मोरङको आयोजनामा लैङ्गिक हिंसाविरुद्ध सचेतनामूलक अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएको थियो।
- २०८० साल मङ्सिर २१ गते राष्ट्रिय बैंकङ संस्था र Everest Bank Limited विराटचोक शाखाद्वारा वित्तीय साक्षरतासम्बन्धी अन्तक्रियात्मक कार्यक्रम सम्पन्न भएको थियो।
- २०८०/०८/२२ गतेका दिन हातेमालो बहुउद्देश्यीय सहकारी संस्थाद्वारा आयोजित वक्तृत्वकला प्रतियोगितामा सुकुना बहुमुखी क्याम्पसका विद्यार्थीहरू क्रमश: एलिना थापा र ममता खड्काले द्वितीय र तृतीय स्थानमा उत्कृष्ट प्रस्तुति गरेर विजयी हुनु भएको एवम् प्रदेश स्तरीय गायन प्रतियोगितामा सेकेण्ड रनरअप प्राप्त गर्ने रियास राईसमेत गरी तीनै जनालाई क्याम्पसले सम्मान गरेको थियो।
- २०८० मङ्सिर २३ गते शनिबार एम .एड. तह चौथो सेमेस्टरमा परिवर्तित पाठ्यक्रम र त्यसको कार्यान्वयनका विषयमा अभिमुखीकरण तथा छलफल कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा अंग्रेजी, नेपाली र EPM मूल विषयका विद्यार्थीहरूको उपस्थिति थियो। उक्त कार्यक्रममार्फत शोध प्रस्तावना लेखनका लागि समयतालिका निर्धारण गरेको थियो।
- २०८० मङ्सिर २३ गते बि.एस्सी. दोस्रो वर्ष बायोलोजी ग्रुपका विद्यार्थीलाई एक दिने शैक्षिक भ्रमण विज्ञान संकायका उपप्राध्यापक जीवन सापकोटाको नेतृत्वमा कोशी टप्पु वन्यजन्तु आरक्षण सुनसरीमा गराइएको थियो।
- २०८०मङ्सिर २३ गतेदेखि पुस १ गतेसम्म बि.बि.ए सातौं सेमेस्टरका विद्यार्थीहरूका लागि Summer Project Proposal viva voce कार्यकम बि.बि.ए अनुसन्धान समितिका सुपरिवेक्षकद्वारा सम्पन्न भएको थियो।
- २०८० मङ्सिर २३ गते सामाजिक स्वास्थ्य तथा जनसङ्ख्या शिक्षण विभागमा समाजशास्त्र विषयअन्तर्गत रिसर्च कार्यमा एकरूपता ल्याउने तथा परियोजना कार्यमा एकररूपता ल्याउने सम्बन्धमा आन्तरिक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो।

- २०८० मंसिर २४ गते HPV क्यान्सर रोगसम्बन्धी एकदिवसीय गोष्ठी सम्पन्न भएको थियो। उक्त कार्यक्रममा विषयविज्ञ डा. विष्णु रायमाझी (Senior Scientist, USA) सहजीकरण गर्नुभएको थियो भने बि.एस्सी. मा अध्ययनरत विद्यार्थी एवम् शिक्षकहरू सो कार्यक्रममा उपस्थित रहनुभएको थियो।
- २०८० मङ्सिर २५ गते सुकुना बहुमुखी क्याम्पसको आयोजनामा UWS Nepal Teaching Fellowship विषयमा एक दिने गोष्ठी सम्पन्न भएको थियो । उक्त कार्यक्रममा सहजकर्ता विवेकरत्न शाक्यको प्रस्तुति रहेको थियो भने उक्त कार्यक्रममा बि एस्सी तेस्रो वर्ष र चौथो वर्षका विद्यार्थीहरूको सहभागिता रहेको थियो।
- मिति २०८० साल मङ्सिर २५ र २६ गतेका दिन सुकुना बहुमुखी क्याम्पस र युनाइटेड वर्ल्ड स्कूल (UWS) काठमाडौँको संयुक्त आयोजनामा सुकुना बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूले विभिन्न क्षेत्रबाट वृत्तिविकास र छात्रवृत्तिका लागि गर्नुपर्ने काम, अपनाउनु पर्ने तरिका, स्रोतहरू तथा वृत्ति विकास सुविधा र छात्रवृत्तिका लागि पहुँच विस्तारका विषयमा परामर्श र पथप्रदर्शन कार्यक्रम सम्पन्न गरिएको छ। युनाइटेड वर्ल्ड स्कूल (UWS) ले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रका विभिन्न निकाय, सङ्घ/संस्थाहरूबाट विद्यार्थीहरूको वृत्तिविकास सुविधा र छात्रवृत्तिका निश्चित रकम, खाना, आवास, शैक्षिक सामग्री, स्वस्थ्य बिमाजस्ता सुविधा सङ्कलन गरी विद्यार्थीहरूलाई उपलब्ध गराएको विषयमा विषयविज्ञका रूपमा सो संस्थाका छात्रवृत्ति शाखाका प्रमुख श्री विवेकरत्न शाक्यले स्पष्ट पार्दै वृत्ति विकास सुविधा र छात्रवृत्तिको प्राप्तिका लागि परामर्श र पथप्रदर्शन गर्नु भएको थियो।
- २०८० साल मंसिर २६ गते युनाइटेड वर्ल्ड स्कुल (UWS) द्वारा आयोजना गरिएको टिचिङ फेलोसिप अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएको थियो।
- २०८० साल मङ्सिर २६ गते सुकुना बहुमुखी क्याम्पसको आयोजनामा HPV Disease (महिलाहरूको पाठेघरको मुखमा लाग्ने क्यान्सर रोग) लाग्ने कारण, यसका लक्षण र यसबाट बच्ने उपायका विषयमा एक दिवशीय सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको थियो। क्याम्पस सभाकक्षमा आयोजना गरिएको उक्त कार्यक्रममा बि.एस्सी., जनसङ्ख्या र स्वास्थ्य शिक्षा अध्ययनरत विद्यार्थीहरू गरी जम्मा १५० भन्दा बढी विद्यार्थीहरू सहभागी भएका थिए।

- २०८० साल मङ्सिर २६ गते मङ्गलबार पूर्वविद्यार्थी समाज, सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैँचा, मोरङको आयोजनामा "रक्तदान जीवनदान" भन्ने नाराका साथ रक्तदान कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त रक्तदान कार्यक्रममा जम्मा ६९ पिण्ट रगत सङ्कलन गरिएको थियो। पूर्वविद्यार्थी समाजका अध्यक्ष नारायण सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा क्याम्पस सञ्चालक समितिका अध्यक्ष, उपाध्यक्ष, सदस्यहरू, क्यापस प्रमुख, शिक्षक एवम् कर्मचारीहरू, पूर्वविद्यार्थीहरू, नागरिक समाजका महानुभावहरू, विद्यार्थी सङ्घ/सङ्गठनका नेताहरू, स्ववियुका पूर्वपदाधिकारीहरू, विभिन्न सङ्घ/संस्थाका प्रमुखहरू, जनप्रतिनिधिहरू, अभिभावक, स्ववियुका वर्तमान पदाधिकारीहरू र अध्ययनरत विद्यार्थीहरूको उपस्थिति रहेको थियो।
- मिति २०८० साल मङ्सिर २७ गतेका दिन सुकुना बहुमुखी क्याम्पसको प्राथमिक उपचार एकाइको आयोजनामा क्यान्सर रोग सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिएको छ। कार्यक्रममा स्नातक तहमा अध्ययनरत विद्यार्थी र सो तहमा अध्यापनरत शिक्षकहरूको सहभागिता रहेको थियो। उक्त सचेतना कार्यक्रममा विराट मेडिकल कलेज टिचिङ हस्पिटल विराटनगरका क्यान्सर रोग विशेषज्ञ डा. अस्मिता रायमाझी र बजार व्यवस्थापक श्री ईश्वर गुरुङले स्तन, पाठेघर र अन्डकोषमा हुने क्यान्सरका लक्षण, असर, रोकथाम र उपचार विधिका विषयमा सहभागीहरूलाई सचेतना गराएका थिए। कार्यक्रममा सहभागी विद्यार्थीहरू र विज्ञ बिचमा उक्त रोग र उपचारका विषयमा प्रश्नोत्तर समेत भएको थियो।
- २०८० साल मङ्सिर २९ गते सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैँचा, मोरङमा बिबिए कार्यक्रमको अतिरिक्त क्रियाकलाप समितिले सातौँ सेमिष्टरको व्यवस्थापनमा विभिन्न सेमिष्टर र सेक्सन बिचमा अतिरिक्त क्रियाकलापअन्तर्गत हाजिरी जवाफ प्रतियोगिता कार्यक्रम सम्पन्न गरेको छ। उक्त कार्यक्रममा बिबिए कार्यक्रमका डाइरेक्टर शङ्कर देवान, सहायक क्याम्पसप्रमुख गणेशप्रसाद दहाल र क्याम्पस प्रमुख अर्जुनराज अधिकारीले विजयीहरूलाई पुरस्कार र प्रमाणपत्र वितरण गर्नु भएको थियो। कार्यक्रममा बि.बि.ए.का सबै विद्यार्थीहरू र सो कार्यक्रममा अध्यापन गर्नुहुने शिक्षकहरू सहभागी भएका थिए।

- २०८० मङ्सिर २९ गते बि.बि.एमा अध्ययनरत विद्यार्थीहरूका माझ हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको थियो ।
- २०८० मङ्सिर ३० गते बीएसी दोस्रो वर्ष बायोलोजिकल ग्रुपका विद्यार्थीको शैक्षिक भ्रमण कोशी टप्पु तथा वन्यजन्तु आरक्षण सुनसरीमा भएको थियो ।
- **पुस**
- २०८० साल पुस ५ गतेका दिन सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैँचाको आयोजना विहानी सत्रका कक्षाहरू बीएड, बिबिएस, बिए र एमबिएस र दिउँसो दिवासत्रका कक्षाहरू बिएस्सी र बिबिएमा अध्ययनरत विद्यार्थीहरूलाई गुणस्तर सुनिश्चितता प्रत्यायान (Quality Assurance Accreditation – QAA) का विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो ।
- २०८० साल पुस ०८ गते आइतबारका दिन सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैँचा, मोरङमा बिएस्सी प्रथम वर्षमा भर्ना भएका नयाँ विद्यार्थीहरूलाई क्याम्पसको सहयोग र बिएस्सी द्वितीय, तृतीय र चौथो वर्षको आयोजनामा विभिन्न साहित्यिक र सांस्कृतिक कार्यक्रमसहित स्वागत कार्यक्रम सम्पन्न गरिएको थियो ।
- २०८० पुस ०९ गते सोमबारका दिन विहान ७:०० बजे देखि ११:०० बजेसम्म सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैँचाको आयोजनामा क्याम्पसको सभाकक्षमा क्याम्पस सञ्चालक समितिका अध्यक्ष श्री केशव अधिकारीको अध्यक्षतामा भएको बृहत् भेलामा क्याम्पसले गुणस्तर सुनिश्चित प्रत्यायान (Quality Assurance and Accreditation – QAA) सम्बन्धी क्याम्पसले हालसम्म गरेका कार्यहरूका विषयमा प्रस्तुतीकरण तथा छलफल कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा क्याम्पस सञ्चालक समिति सदस्यहरू, लेखा समितिका सदस्यहरू, पुनरावेदन समितिका सदस्यहरू, सल्लाहकार समितिका सदस्यहरू, सञ्चालक समितका पूर्वअध्यक्षहरू, पूर्वक्याम्पस प्रमुखहरू, पूर्वविद्यार्थी समाजका पदाधिकारी एवम् सदस्यहरू, छात्रवृत्ति प्रदान गर्ने सङ्घ संस्थाका प्रतिनिधिहरू, अभिभावकका प्रतिनिधिहरू, शिक्षक एवम् कर्मचारीहरूको उपस्थिति रहेको थियो ।
- २०८० पुस १३ गते शुक्रबार प्राथमिक उपचार एकाइले सुन्दरहरैंचा नगरपालिका वडा नम्बर १२ को सामुदायिक बस्तीमा ४० वर्षमाथिका समुदायका मानिसहरूको रक्तचाप परीक्षण गरी सल्लाह एवं सुझाव दिएको थिइएको थियो ।

- २०८० पुस १० गते शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह चौथो सेमेस्टरअन्तर्गत नेपाली विषय शोधपत्र (नेपा. शि. ५४४) विषयको शोधपत्रको मौखिक परीक्षा viva कार्यक्रम सम्पन्न भएको थियो।
- २०८० पुष १२ गते अतिरिक्त क्रियाकलाप समितिद्वारा गायन प्रतियोगिता सम्पन्न भएको थियो। उक्त कार्यक्रममा विभिन्न संकायबाट २० जना विद्यार्थीहरू सहभागी भएका थिए। क्याम्पस प्रमुख सहायक क्याम्पस प्रमुख एवं अतिरिक्त क्रियाकलाप समितिका अध्यक्षद्वारा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो।
- २०८० पुस १२ गते सुकुना बहुमुखी क्याम्पसले सामाजिक सम्बन्ध विस्तार र सामाजिक उत्तरदायित्वका लागि श्री देवता आधारभूत विद्यालय सुन्दरहरैँचा २ मोरङमा बालकक्षादेखि कक्षा ७ सम्मका विद्यार्थीहरूलाई न्यानो कपडा वितरण गरिएको थियो । क्याम्पसको आयोजनामा विद्यालयको प्राङ्गणमा क्याम्पस सञ्चालक समितिका अध्यक्ष श्री केशव अधिकारीको सभापतित्वमा भएको थियो। कार्यक्रममा क्याम्पसको तर्फबाट सीमान्तीकृत, आदिवासी, जनजाति, गरिब र पिछडिएका वर्गका १२१ जना छात्रछात्रालाई न्यानो कपडा वितरण गरिएको थियो।
- २०८० पुस १२ गते विहीबारका दिन क्याम्पस सभाकक्षमा गायन प्रतियोगिता कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा विभिन्न कक्षामा अध्ययन गर्ने १८ जना विद्यार्थीहरू सहभागी भएका थिए । अतिरिक्त क्रियाकलाप समितिका संयोजक सहप्राध्यापक विदुर सुवेदीको सभापतित्वमा भएको उक्त कार्यक्रममा बि.एस्सी. दोस्रो वर्षका मोहम्मद रजकले प्रथम स्थान, बि.बि.एस. प्रथम वर्षका सविना राईले द्वितीय स्थान, बि.एड. चौथो वर्षका अन्तिम राईले तृतीय स्थान र बि.बि.एस. तेस्रो वर्षकी रमा विश्वकर्माले चौथो/सान्त्वना स्थान हासिल गरेको गरेका थिए । विजयी हुने गायकहरूलाई क्याम्पस प्रमुख अर्जुनराज अधिकारी, सहायक क्याम्पस प्रमुखहरूबाट पुरस्कार वितरण गरिको थियो।
- २०८० पुस १३ गते क्याम्पस र स्वतन्त्र विद्यार्थी युनियनको संयुक्त आयोजनामा तथा क्याम्पसमा रहेका सबै विद्यार्थीहरूका सङ्घ/सङ्गठनहरूको सहभागितामा विभिन्न संस्कृतिक कार्यक्रमसहित क्याम्पस प्राङ्गणमा नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत कार्यक्रम सम्पन्न भएको थियो। स्वतन्त्र विद्यार्थी युनियनका अध्यक्ष सन्तोष लिम्बूको

सभापतित्वमा भएको उक्त कार्यक्रमको समुद्घाटन क्याम्पस सञ्चालक समितिका अध्यक्ष केशव अधिकारीले गर्नु भएको थियो । क्याम्पस प्रमुख अर्जुनराज अधिकारीले नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत गर्दै अध्ययन, अध्यापन, अतिरिक्त क्रियाकलाप, खोज अनुसन्धान, व्यक्तित्व विकास र शैक्षिक नतिजाका क्षेत्रमा क्याम्पसलाई गुणस्तरीय थलो बनाउने कार्यमा जोड दिनु भएको थियो । उक्त कार्यक्रममा राष्ट्रिय ख्यातिप्राप्त हाँस्यव्यङ्ग्य सम्राट मनोज गजुरेलको उपस्थिति रहेको थियो। कार्यक्रममा विद्यार्थी कलाकारहरूले ५ वटा गायन र ३२ वटा नृत्य प्रस्तुत गरेका थिए । उक्त कार्यक्रममा शिक्षक, कर्मचारी, विद्यार्थी, विद्यार्थीका सङ्घ सङ्गठनका नेता, पूर्वस्ववियुका सभापति एवम् पदाधिकारीहरू, पूर्वविद्यार्थीहरू, अभिभावक र पत्रकारहरूको उपस्थिति रहेको थियो ।

- २०८० पुस २० गतेका नेपाली शिक्षण विभागको अतिरिक्त क्रियाकलाप उपसमितिद्वारा आयोजित गजल प्रतियोगिता कार्यक्रम आयोजना गरिएको थियो; उक्त कार्यक्रममा विभिन्न संकायका विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको थियो ।
- २०८० पुष २२ गते आइतबारदेखि २०८० पुस २६ गते बिहीबारसम्म विश्वविद्यालय अनुदान आयोग नेपालको PRT (Peer Review Team) ले गुणस्तर सुनिश्चितता प्रत्यायान (Quality Assurance Accreditation- QAA) को प्रक्रियाका लागि अवलोकन तथा मूल्याङ्कन गर्ने कार्यक्रम सुनिश्चित भएको छ । उक्त टिममा संयोजक- प्रा.डा. तीर्थराज खनिया, सदस्य- प्रा.डा. शुशीलभक्त माथेमा, सदस्य- प्रा.डा. रेजिना मास्के, Staff Member- भगवती पौडेल रहनुहुने निश्चित भएको छ ।


स्वागत




Course Dissemination Programme of M.Ed. in Inclusive



विश्वविद्यालय अनुदान आयोग

सानोठिमी, भक्तपुर, नेपाल

# UNIVERSITY GRANTS COMMISSION

SANOTHIMI, BHAKTAPUR, NEPAL

## Certificate Of Institutional Accreditation

*The University Grants Commission on the recommendation of the Quality Assurance and Accreditation Committee hereby duly confers The Certificate of the Institutional Accreditation to*

**SUKUNA MULTIPLE CAMPUS**

Koshi-Haraincha Municipality Ward No.4, Morang

Nepal

Parashar Koirala

Chairman

(Prof. Parashar Prasad Koirala)

Date: 2072 /04/27 (BS)
12 August, 2015 (AD)

*This certificate is valid for five years from the date of issue.*